# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**धोबी बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

# लिखु तामाकोशी गाउँपालिका
# आ.व. २०८२/०८३ को बजेट वक्तव्य

# बजेट वक्तव्य - २०८२/०८३

लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाको १५ औ अधिवेशनका आदरणीय अध्यक्षज्यू, यस सम्मानित र गरिमामय सभामा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु।

१) गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष गाउँपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आ.व. वर्ष २०८२/०८३ को समग्र नीति तथा कार्यक्रम कार्यान्वयनको दस्तावेजको रुपमा रहेको यो बजेट प्रस्तुत गरिरहदा अत्यन्तै गर्वको महसुस गरेको छु ।

२) मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन बलिदान गर्ने सम्पुर्ण महान सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। जनआन्दोलन तथा जनयुद्धका घाइतेहरु, द्वन्द्व पिडितहरु तथा संघीयता स्थापना गर्न अहम् भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छु ।

३) संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनःसंरचना पश्चात संविधानतः गठित स्थानीय सरकारले दोस्रो स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधीहरुको पहिलो वर्षको कार्यकाल व्यतित गरिसकेको छ । नेपालको संविधानको अनुसूचि ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूचि र अनुसूचि ९ मा रहेको साझा अधिकार सूचि भित्र रहेर स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न लिखु तामाकोशी गाउँपालिकाले सामाजिक, भौगोलिक, राजनितिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले संचालन गर्दै आएको कुरा सम्मानित गाउँसभा समक्ष जानकारी गराउन चाहान्छु ।

४) यस वर्षको बजेटमा हामिले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि तथा पशु क्षेत्रको विकास, उद्यम प्रवर्द्धन तथा पूर्वाधार विकास, विपद व्यवस्थापन, पर्यटन, सूचना तथा संचार, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा, न्याय तथा मेलमिलाप साथै शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा तथा क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५) नेपालको संविधान, सोह्रौ आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकासका लक्ष्य , लिखु तामाकोशी गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन २०७८, बमोजिम बस्ती तथा टोल स्तरबाट सङ्कलित योजनाहरूको विषयगत क्षेत्र किटान एवम् प्राथमिकीकरण गरी तर्जुमा गरोएको गाउँपालिकाको नीति तथा कार्यक्रम र गाउँसभाका सबै सदस्य तथा अन्य सरोकारवालाबाट प्राप्त सुझावलाई मनन गर्दै आ.व. २०८२/०८३ को बजेट तर्जुमा गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**गाँउसभाका सदस्य ज्यूहरु,**

हामीले चालु आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमलाई सफलता पुर्वक कार्यान्वयनक गरेका छौं । बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पुर्ण लिखु तामाकोशी बासी आमाबुवा दाजुभाई तथा दिदिबहिनी, गाउँ सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा यस गरिमामय सभा मार्फत हार्दिक आभार व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**गाँउसभाका सदस्य ज्यूहरु,**
अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गइरहेको छु ।

**आर्थिक वर्ष २०८२/०८३ यो बजेटका उद्देश्यहरु**

१) सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन गरी “लिखु तामाकोशी गाउँपालिकाको समग्र विकासलाई  संस्थागत गर्न योगदान गर्ने ।
२) उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गर्दै गाउँपालिका बासीको आवश्यक्ता परिपूर्ति गरी समृद्धि हासिल गर्ने
३) शिक्षा स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको सहज पहुँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,
४) नागरिकहरुलाई उद्यमशिलता र व्यावसायिकता तर्फ आकर्षित गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने।
५) सार्वजनिक सेवा प्रवाहमा नागरिक पहुच अभिवृद्धि गर्दै सेवा प्रवाहको सवलिकरण गरी सुशासन कायम गर्ने
६) कृषि तथा पशुक्षेत्रमा यान्त्रिकीकरण र व्यवसायिकीकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि तथा पशु क्षेत्रको प्रवर्द्धन गर्ने
७) रोजगारी सृजना र आय आर्जनका माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

**बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

१) सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संशाधन विकास गर्ने,
२) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
३) उद्यमशीलताको विकास, रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजनाहरु,
४) स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड, पर्यटन पूर्वाधारको विस्तार तथा सम्पूर्ण पर्यटन क्षेत्रको पुर्नउत्थान र प्रवर्धनका योजनाहरु,
५) शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार गर्नु
६) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु,
७) दिगो विकास, वातावरण संरक्षण, जलवायु लिखु तामाकोशी अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
८) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने,
९) आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुयाउने
१०) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,
११) लैंगिक समानता, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विषयहरु
१२) संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता प्रबर्द्धन,

**आदरणीय अध्यक्ष महोदय,**
**गाँउसभाका सदस्य ज्यूहरु,**

अब म यस गाउँसभामा आगामी आ.व. २०८२/०८३ मा हुने अनुमानित आयको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आ.व. २०८२/०८३ का लागि संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १२ करोड २८ लाख, शर्शत अनुदान तर्फ २३ करोड ४८ लाख, र राजश्व बाँडफाड बापतको ८ करोड १८ लाख गरी कुल ४३ करोड ९१ लाख २५ हजार २ सय बहत्तर बजेट प्राप्त भएको छ ।
यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदान १ करोड २९ लाख ५९ हजार, राजस्व बाँडफाँड बापत ३ करोड २८ लाख २ हजार ६० रुपैया, शशर्त अनुदान (प्रदेश) २ करोड ६७ लाख ३६ हजार, विशेष अनुदान ६५ लाख र समपुरक अनुदान २ करोड ५९ लाख गरी कुल १० करोड ४८ लाख ९७ हजार ६० रुपैया अनुमानित बजेट प्राप्त भएको छ।
यस्तै विधुत रोयल्टीबाट ८० लाख, मौज्दात (अ.ल्या.) २ करोड दायित्व सिर्जना हुने आयोजनाहरूको ६ करोड २५ लाख, आ.व. २०८२/८३ मा गाउँपालिकाको आन्तरिक आम्दानी ५० लाख हुने प्रक्षेपण गरिएको छ भने चालु आ.व.को वित्तीय समानीकरण अनुदान, राजस्व बाडफाड रकमको निकासा बाकी अनुमानित रू ४ करोड ३० लाख ६३ हजार ६ सय ६८ रूपिया निकासा हुने प्रक्षेपण समेत गरी आयको आकाडा तयार गरिएको छ ।

समग्रमा संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट र गाउँपालिकाको आन्तरिक आम्दानी र अन्य माथि उल्लेखित सबै गरी आ.व. २०८२/०८३ मा कुल जम्मा बजेट **रु ६८ करोड २५ लाख ८६ हजार रुपैया** मात्र अनुमान गरिएको व्यहोरा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु ।आ.व. २०८१/०८२ को बजेटबाट खर्च हुन नसकेको रकम माथि उल्लेखित बजेट आकारमा समाबेश गरिएको छ । आर्थिक वर्षको अन्त्यमा बचत हुन जाने नगद मौज्दात समेत यसै बजेटको अंश हुने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

गाउँपालिकाकामा प्राप्त संघीय सरकारको राजश्व बाँडफाडको रकम ८ करोड १८ लाख, प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँडको रकम ३ करोड २८ लाख २ हजार ६० रुपैया गरी कुल जम्मा ११ करोड ४६ लाख २ हजार ६० रुपैया बाट गाउँपालिकाको कार्यालय र वडा कार्यालय दैनिक चालू खर्च, घर भाडा, मर्मत, इन्धन, गाउँपालिका शाखागत कार्यक्रम, कर्मचारी तलव भत्ता, पदाधिकारी सेवा सुविधा, फर्निचर तथा फिक्चर्स, कार्यालय सामाग्री तथा अन्य चालु खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

गाउँपालिकामा संघीय सरकारबाट शर्शत अनुदान बापत प्राप्त २३ करोड ४५ लाख संघबाट नै निर्धारित शशर्त प्रकृतिका आर्थिक, सामाजिक, पूर्वाधार लगायतका कार्यक्रमका लागि खर्च गर्ने व्यवस्था मिलाएको छु ।

प्रदेश सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त २ करोड ५९ लाखमा **धोबी दिलौरी सडक स्तरोन्नति (१ करोड ३३ लाख) र धोबी बजार फोहिर व्यवस्थापन योजना (१ करोड २६ लाख)** लिखु तामाकोशी गाउँपालिकाबाट कार्यविधि बमोजिम ३०% लागत साझेदारी हुने गरी विनियोजन गरेको छु । त्यस्तै प्रदेश सरकारबाट विशेष अनुदानका रुपमा प्राप्त ६५ लाख रुपैयामा **बुर्पा खानेपानी योजना वडा नं. १ मा** खर्च हुने गरी विनियोजन गरेको छु ।

प्रदेश सरकारबाट शर्शत अनुदानका रुपमा प्राप्त हुने रकम उल्लेख भए बमोजिमका पुर्वाधार निर्माण सम्बन्धी योजनाहरू सिंचाई तथा खानेपानी तर्फका योजनाहरू साथै अन्य कार्यक्रम र आयोजनाहरू मा हस्तान्तरण गरेकोमा सोही शर्तअनुसार उक्त कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

वडा कार्यालयका लागि अनिवार्य चालू खर्च अनुदान ७० लाख र वडाको भुगोल, जनसंख्या, आन्तरिक राजस्वको अवस्थालाई मुख्य सुचक सहितको शुत्रमा आधारित गरी सबै वडा तर्फबाट बस्ती टोल स्तरबाट स्थानियको सहभागीतामा छनौट भई आएका योजनालाई प्राथमिकता दिने गरी हरेक वडालाई रु ८० लाख, का दरले सातै वडामा रु ५ करोड ६० लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

लिखु तामाकोशी गाउँपालिका अन्तर्गत रहेका विभिन्न विषयगत क्षेत्रको विकास निर्माणका योजना छनौट तथा कार्यान्वयनका लागि विषयगत समिति तर्फ **२१ करोड ५९ लाख ५९ हजार** बजेट विनियोजन गरेको छु । जसमध्ये आर्थिक विकास तर्फ १ करोड ७२ लाख, सामाजिक विकास तर्फ ४ करोड ३६ लाख ५९ हजार, पूर्वाधार विकास तर्फ ३ करोड ५३ लाख, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ रु ६० लाख, सुशासन तथा संस्थागत विकास तर्फ १ करोड ३ लाख बजेट विनियोजन गरेको छु । साथै गाउँपालिकाको गौरवका आयोजना तथा कार्यक्रमहरुको लागि रु १० करोड ९५ लाख वजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।
त्यस्तै गाउँपालिकाले आगामी आ.व.मा संघ र प्रदेश सरकार संगको सहकार्यमा काम गर्ने गरी ७७ लाख ६० हजार आवश्यक वजेट समपुरक कोषमा विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाँउसभाका सदस्य ज्यूहरु,**

अब म विषयगत क्षेत्र र गाउँपालिकाका गौरवका आयोजना तथा कार्यक्रमअनुसार गाउँपालिकाले तर्जुमा गरेका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरू जस्ले समग्र गाउँपलिकाको विकासमा महत्वपूर्ण भूमिका खेल्छ ती आयोजना तथा कार्यक्रमहरू निम्नानुसार तालिकीकरण गरेको छु ।

तपशिलः

| क्र.स. | विषय क्षेत्र | मुख्य आयोजना तथा कार्यक्रमहरू | विनियोजित रकम |
|---|---|---|---|
| १ | गौरवका आयोजनाहरू | धोबी गुम्बा बहुवर्षीय योजना | २ करोड |
| २ | गौरवका आयोजनाहरू | नागी कोटगाउँ कालोपत्रे सडक आयोजना | २ करोड २० लाख |
| ३ | गौरवका आयोजनाहरू | धोबी नागी १५ सैया अस्पताल सम्म कालोपत्रे सडक दायित्व योजना | ३ करोड |
| ४ | गौरवका आयोजनाहरू | वडा नं. ३ कार्यालय निर्माण | ४० लाख |
| ५ | गौरवका आयोजनाहरू | गाउँपालिका प्रशासनिक भवन निर्माण | ३ करोड |
| ६ | आर्थिक विकास | बाझो खेतमा करार खेती कार्यक्रम | ५ लाख |
| ७ | आर्थिक विकास | गाई भैसीमा कृतिम गर्भधारण कार्यक्रम | ५ लाख |
| ८ | आर्थिक विकास | ग्रा.प.स्वा.का. परिचालन कार्यक्रम | ३ लाख |
| ९ | आर्थिक विकास | जडीबुडी उत्पादन प्रसोधन कार्यक्र | ५ लाख |
| १० | आर्थिक विकास | गिदान चौर पर्यटन पर्वर्द्धन कार्यक्रम | १० लाख |
| ११ | सामाजिक विकास | शैक्षिक छात्रवृत्ति कार्यक्रम | १५ लाख |
| १२ | सामाजिक विकास | आवासीय विद्यालय कार्यक्रम | १० लाख |
| १३ | सामाजिक विकास | प्ररम्भिक बाल विकास कोष सञ्चालन | ६ लाख |
| १४ | सामाजिक विकास | स्थानीय भाषा पाठ्यक्रम निर्माण तथा भाषा संस्कार संस्कति झल्किने कार्यक्रम | १५ लाख |
| १५ | सामाजिक विकास | बाल प्रतिभा पहिचान कार्यक्रम | ५ लाख |
| १६ | सामाजिक विकास | अध्यक्ष उपाध्यक्ष कप भलिबल प्रतियोगिता | ८ लाख |
| १७ | सामाजिक विकास | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | ७ लाख |
| १८ | सामाजिक विकास | मनोपरामर्श सम्बन्धी कार्यक्रम | ३ लाख |
| १९ | सामाजिक विकास | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम | ७ लाख |
| २० | सामाजिक विकास | प्रत्येक विद्यालयमा आधारभूत स्वास्थ्य परीक्षण | ३ लाख |
| २१ | सामाजिक विकास | उपाध्यक्षसंग सुत्केरी कोशेली भेटघाट कार्यक्रम | ५ लाख |
| २२ | सामाजिक विकास | विपन्न नागरिकरिकहरूको स्वास्थ्य विमा शुल्क | ५ लाख |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धी कार्यक्रम | |
| २३ | वन वातावरण | सातै वडामा सुख्खा पोखरी निर्माण | १४ लाख |
| २४ | संस्थागत विकास | गाउँपालिकाको अद्यावधिक योजना निर्माण | ८ लाख |
| २५ | संस्थागत विकास | हाईवे गुगल म्याप (360 डिग्री स्ट्रिट भ्यु) सर्वेक्षण कार्यक्रम | ५ लाख |

यस बजेट तथा कार्यक्रममा समावेश गरिएको आ.व. २०८२/८३ को कर र राजस्वका दरहरू सहितको आर्थिक विधेयक र प्रस्तावित चालु प्रशासनिक तथा कार्य संचालन खर्च एवम् क्षेत्रगत सिमाअनुसार विनियोजित सम्पूर्ण चालु तथा पुजीगत आय व्ययको विस्तृत विवरण आ.व. २०८२/८३ को विनियोजन विधेयकमा संलग्न अनुसूचीअनुसार तर्जुमा गरी पेश गरेको व्यहोरा जानकारीका साथ आर्थिक विधेयक २०८२/८३ र विनियोजन विधेयक २०८२/८३ पारित गर्नका लागि यस गरिमामय गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरूमा अनुरोध गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू**
**गाँउसभाका सदस्य ज्यूहरु**

अन्त्यमा आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमामा सहयोग गर्नुहुने लिखु तामाकोशी गाँउपालिकाका श्रदेय अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धीका विभिन्न समितिहरु, बुद्धिजिवि ज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण लिखु तामाकोशी गाँउपालिकावासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
यस लिखु तामाकोशी गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने लिखु तामाकोशी गाँउपालिकाका न्यायप्रेमी जनताहरु, कर प्रदायकहरु, लिखु तामाकोशी गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।
अन्त्यमा समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्न पनि नसकिएला तर वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी गाउँपालिका वासी कटिबद्ध, प्रतिवद्ध र एकताबद्ध भयौं भने अवश्य पनि लिखु तामाकोशी गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ ।

**धन्यवाद ।**

**दिपा पाख्रिन**
**उपाध्यक्ष**